नेपाल पत्रकार महासंघ

Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०८१।१२।२५

शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारुमगरलाई पितृशोक परेको दुःखद् खबरले महासंघ स्तब्ध र दुःखी भएको छ । उहाँका ५५ वर्षीय पूज्य पिता सुर्जबहादुर थापाको आज दिउँसो उपचारको क्रममा निधन भएको हो ।

चैत्र २४ गते आइतबार मकवानपुरगढी नजिकै अटो चलाउँदै गरेको अवस्थामा माथिबाट खसेको ढुंगा टाउकोमा लागेर घाइते भएका थापालाई हेटौडा र चितवनका अस्पताल हुँदै थप उपचारका लागि काठमाडौंस्थित अन्नपूर्ण न्यूरो अस्पतालमा भर्ना गरिएको थियो । स्वर्गीय थापाका प्रदेश अध्यक्ष कृष्णसहित ३ छोरा र १ छोरी हुनुहुन्छ ।

महासंघ स्वर्गीय पिताप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ प्रदेश अध्यक्ष सारुमगरसहित शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै गहिरो समवेदना प्रकट गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email : fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org